# चौतारा साँगाचोकगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## कृषि विकास शाखा
चौतारा, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल


पत्र संख्याः २०७८/०७९
चलानी नम्बरः १३८३

मिति :२०७९/०२/२६

पुन : प्रकाशित सूचना

## रैथाने बाली प्रबर्द्धन कार्यक्रम सम्बन्धी सूचना

चौतारा साँगाचोकगढी नगरपालिका कृषि विकास शाखाको आ.व.२०७८/२०७९ को सर्शत तर्फको स्वीकृत कार्यक्रम अनुसार रैथाने बाली प्रबर्द्धन कार्यक्रम ( बाली विकास कार्यक्रम ) कार्यविधि अनुसार अनुदानमा कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकाले उक्त कार्यक्रम सञ्चालन गर्न ईच्छुक कृषक समूह/कृषि सहकारी/कृषि फर्म/सामुदायिक बिउ बैंक व्यवस्थापन समिति/जैविक विविधता संरक्षण समिति/होम स्टे सञ्चालकहरुले निम्न अनुसारको कागजात संग्लन राखी मिति २०७९/०३/०१ गते भित्र कार्यालय समयमा यस नगरपालिकाको कृषि विकास शाखामा आवेदन दर्ता गर्नु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सञ्चालन गर्न सकिने कृयाकलापहरु :** (१)कम्पोष्ट मल तयारी (२)बाँझो जग्गामा खनजोत गरी रैथाने बालिको खेती गर्नेलाई प्रोत्साहन अनुदान (३)मेला महोत्सवमा सहभागी हुने (४) होमस्टे संचालन (५)कोशेली घर स्थापना ( ६) मेशिनरी तथा उपकरण सहयोग (७)प्याकेजिङ र ब्राण्डिङ्ग सहयोग( ८)सामुदायिक बिउ बैक स्थापना ।

**निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु :**

१) कृषक समूह, सहकारी, कृषि फर्म, सामुदायिक बिउ बैंक व्यवस्थापन समिति, जैविक विविधता संरक्षण समिति, होम स्टे दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि
२) निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि
३) कृषक समूह, सहकारी, कृषि फर्म, सामुदायिक बिउ बैंक व्यवस्थापन समिति, जैविक विविधता संरक्षण समिति, होम स्टे बाट कार्यक्रम मागको निर्णयको प्रतिलिपि
४) निर्दिष्ट कार्ययोजना सहितको निवेदन
५) जग्गा भाडामा लिएको भए सम्झौताको प्रतिलिपि
६) सम्बन्धित वडा कार्यालयको सिफारिस

२०७९/२/२६

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत